# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड

# करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९।०३।०५ गते**

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेडको करार सेवा पदपूर्ति कार्यविधि, २०७८ बमोजिम देहायका पदहमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्पनीको कार्यालयमा आइपुग्ने गरी दरखास्त आव्हान गरिएको छ।

| क्र. सं. | पद | तह | सेवा | माग संख्या |
|---|---|---|---|---|
| १ | नायव महाप्रवन्धक (प्रशासन) | ११ | प्रशासन | १ (एक) |

- **परीक्षाको किसिमः** प्रस्तुतीकरण तथा अन्तर्वार्ता ।
- **परीक्षा दस्तुरः** रु २५००।- (अक्षररुपी दुई हजार पाँच सय मात्र)
- **दरखास्त दिने अन्तिम मितिः** २०७९/०३/२० गते सम्म।
- **दरखास्त दिने स्थान र ठेगाना** : हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको कार्यालय, नागरिक लगानी कोष भवनको चौथो तला, नयाँबानेश्वर काठमाडौं ।
- **आवश्यक न्यूनत्तम शैक्षिक योग्यताः** मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको वा कुनै विषयमा स्नातक सहित चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरेको।
- **अनुभवः** कम्तीमा ७ वर्षसम्म बैंक/वित्तीय संस्था वा जलविद्युत क्षेत्रसँग सम्बन्धित सङ्गठित संस्था वा नेपाल सरकारको अधिकृत स्तरमा कार्य गरेको र सो कार्य अवधिमध्ये कम्तिमा ३ वर्षसम्म बैंक/वित्तीय संस्थाको वरिष्ठ प्रवन्धक वा नेपाल सरकारको राजपत्रांकित द्वितिय श्रेणी वा सो भन्दा माथिल्लो पदमा रही कार्य गरेको।
- **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
- **दरखास्त फारम कम्पनीको Web site: www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ ।**
- **दरखास्तसाथ पेश गर्नु पर्ने कागजात तथा विवरणहरूः** आवेदकले देहायका विवरण तथा कागजातहरु प्रमाणित गरी दरखास्त फारमकासाथ पेश गर्नु पर्नेछः-
  (क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना सहितको विस्तृत वैयक्तिक विवरण (बायोडाटा),
  (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
  (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
  (घ) कार्य अनुभवको प्रमाणित गर्ने कागजात,
  (ङ) परीक्षामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ।
- **तलव, सुविधा र सेवा शर्तः** कम्पनीको नियमानुसार।
- प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्वन्धी कार्यक्रमको मिति पछि जानकारी गराइनेछ ।
- करार सेवा पदपूर्ति कार्यविधि, २०७८ तथा अन्य जानकारी कम्पनीको **Web site: www.hidcl.org.np** तथा कम्पनीको सूचना पाटीमा राखिएको छ।

सदस्य सचिव
पदपूर्ति समिति